**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

- **मुख्य समाचार**
- केन्द्रीय इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले डिजिटल व्यक्तिगत डेटा संरक्षण नियमहरूलाई अन्तिम रूप दिइएको र आगामी दिनमा जारी गरिने बताउनुभयो।
- केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले विद्यालय शिक्षामा राष्ट्रिय शिक्षा नीतिको कार्यान्वयन सम्बन्धी समीक्षा बैठक आयोजना गर्नुभयो।
- भारतीय रिजर्भ बैंकले महाराष्ट्रका धेरै सहकारी बैंकहरूलाई आफ्नो निर्देशनहरूको पालना नगरेकोमा जरिवाना लगाएको छ।
- उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालयले नयाँ वस्तु तथा सेवा कर दरहरूको सन्दर्भमा संशोधित परामर्शहरू जारी गरेको छ।
- एसिया कप टी-२० क्रिकेट प्रतियोगितामा  हिज श्रीलंकाले अफगानिस्तानलाई छ विकेटले पराजित गरेको छ | आज, भारतले समूह ए को आफ्नो अन्तिम म्याचमा ओमानसँग खेल्नेछ।

**वैष्णव-एआई**

केन्द्रीय इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले डिजिटल व्यक्तिगत डेटा संरक्षण नियमहरूलाई अन्तिम रूप दिइएको र आगामी दिनमा जारी गरिने बताउनुभयो। इन्डिया एआई इम्प्याक्ट समिट २०२६ को लोगो जारी गर्नुहुदै उहाँले फ्रेमवर्क विकास गर्न तिन हजार भन्दा बढी परामर्श गरिएको बताउनुभयो।

(BYTE)

श्री वैष्णवले भारतमा हाल ३८ हजार भन्दा बढी ग्राफिक्स प्रशोधन एकाइहरू (GPU) रहेको र निकट भविष्यमा यो संख्या अझ बढ्ने बताउनुभयो। उहाँले ५०० भन्दा बढी डाटा र एआई प्रयोगशालाहरूको विस्तारले एआई र इलेक्ट्रोनिक्समा समावेशी वृद्धि, व्यापक प्रविधि र विश्वव्यापी नेतृत्वलाई सक्षम बनाउने बताउनुभयो। श्री वैष्णवले देशको एआई मिसनले सन्तोषजनक प्रगति गरेको र विभिन्न क्षेत्रहरूमा कृत्रिम बुद्धिमत्ता सुविधाहरूको उपलब्धतालाई सक्षम बनाउने बताउनुभयो। उहाँले भारतले अर्को वर्ष एआई प्रभाव शिखर सम्मेलन आयोजना गर्ने बताउनुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीले शिखर सम्मेलनको उद्घाटन गर्नुहुनेछ र विभिन्न देशका राष्ट्र प्रमुखहरूले भाग लिनेछन्।

**धर्मेंद्र-एनईपी**

केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले विद्यालय शिक्षामा राष्ट्रिय शिक्षा नीतिको कार्यान्वयन सम्बन्धी समीक्षा बैठक आयोजना गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्नुहुदै श्री प्रधानले शिक्षा प्रणालीलाई आधुनिकीकरण गर्न र सिकाइ प्रक्रियालाई अझ आनन्दायक र विद्यार्थी केन्द्रित बनाउन मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले मन्त्रालयले देशका बालबालिकालाई विश्वस्तरीय शिक्षा प्रदान गर्ने बतानुभयो। शिक्षामन्त्रीले बालबालिकाहरू विकसित र समृद्ध भारतको चालक शक्ति हुने पनि बताउनु हुदै, त्यसैले प्रत्येक विद्यार्थीले राष्ट्रिय शिक्षा नीतिबाट लाभ उठाउनुपर्छ भन्नुभयो।

**सेवा पर्व -महिला सशक्तिकरण**

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा, सेवा र सुशासनको मन्त्रबाट प्रेरित सरकार परिवर्तन र प्रगतिको लागि अथक प्रयास गरिरहेको छ। आज, "सेवा पर्व" नामक विशेष श्रृंखलाले महिला सशक्तिकरणतर्फ मोदी सरकारको प्रयासलाई प्रकाश पार्छ।

**भारत-श्रीलंका- नीति संवाद**

भारत र श्रीलंकाका नीति निर्माता, कूटनीतिज्ञ र विज्ञहरू हिज कोलम्बोमा साझा विकासको लागि आर्थिक र रणनीतिक साझेदारीलाई सुदृढ पार्ने नीतिगत संवादको लागि एकत्रित भएका थिए। यो कार्यक्रम पाथफाइन्डर फाउन्डेसन र चिन्तन अनुसन्धान फाउन्डेसनद्वारा आयोजना गरिएको थियो। विशेष सम्बोधनमा, भारतीय उच्चायुक्त सन्तोष झाले दुवै देशको साझा समृद्धिलाई अगाडि बढाउन सहयोगी नीति विकल्पहरूको महत्त्वमा जोड दिनुभयो।ग्याल फेस होटलमा आयोजित छलफल तीन क्षेत्रहरूमा केन्द्रित थियो। पहिलो सत्रमा सौर्य, वायु, तरल प्राकृतिक ग्यास र समुद्री ऊर्जा सहित वैकल्पिक ऊर्जाको बारेमा छलफल गरिएको थियो। दोस्रो सत्र प्राविधिक सहयोग र सीप विकास, साथै महत्वपूर्ण खनिजहरूमा लगानीका अवसरहरूमा केन्द्रित थियो। अन्तिम सत्र कनेक्टिभिटी र भारत-मध्य पूर्व-युरोप आर्थिक कोरिडोरमा केन्द्रित थियो, जुन समुद्री यातायात, बन्दरगाह पूर्वाधार, र कार्गो आवागमन, भण्डारण र वितरण साझेदारीमा केन्द्रित थियो।

**जी.एस.टी.-परामर्श**

उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालयले नयाँ वस्तु तथा सेवा कर दरहरूको सन्दर्भमा संशोधित परामर्शहरू जारी गरेको छ। नयाँ GST दरहरू सोमबारदेखि लागू हुनेछन्। परामर्श अनुसार, निर्माताहरू, प्याकरहरू र आयातकर्ताहरूले २२ सेप्टेम्बर अघि निर्मित बिक्री नभएका प्याकेजहरूमा संशोधित मूल्य स्टिकरहरू लगाउन सक्छन्, तर पहिले नै छापिएको MRP प्याकेजमा स्पष्ट रूपमा देखिनुपर्छ। मन्त्रालयले GST संशोधन लागू हुनुभन्दा अघिदेखि अर्को वर्षको मार्चसम्म वा पुरानो स्टक समाप्त नभएसम्म प्याकेजिङ सामग्री वा र्‍यापरहरूको प्रयोगलाई अनुमति दिएको छ।

**साइप्रस-भारत समझौता ज्ञापन**

साइप्रसको एक उच्चस्तरीय सरकारी र व्यावसायिक प्रतिनिधिमण्डलले द्विपक्षीय आर्थिक, व्यापार र लगानी सम्बन्धलाई सुदृढ पार्न भारतको भ्रमण गरेको थियो। भ्रमणको क्रममा, मुम्बईको वर्ल्ड ट्रेड सेन्टरले द्विपक्षीय व्यापार र लगानीलाई प्रवर्द्धन गर्न इन्भेस्ट साइप्रस र वर्ल्ड ट्रेड सेन्टर साइप्रससँग सम्झौता पत्रमा हस्ताक्षर गरेको थियो। यी सम्झौताहरूले भारतीय व्यवसायहरूको लागि युरोपेली बजारहरूमा प्रवेशद्वारको रूपमा साइप्रसको भूमिकालाई पुन: पुष्टि गरे र प्रविधि, अनुसन्धान, ढुवानी, फिनटेक र नवप्रवर्तनमा नयाँ अवसरहरू खोले। भारतका लागि साइप्रसका उच्चायुक्त इभागोरस भ्रोनिड्स; इन्भेस्ट साइप्रसका प्रमुख कार्यकारी अधिकृत मारियोस ट्यानोसिस; र वर्ल्ड ट्रेड सेन्टर मुम्बईका अध्यक्ष डा. विजय कलंत्रीको उपस्थितिमा सम्झौता पत्रमा हस्ताक्षर गरिएको थियो। यस अवसरमा, श्री भ्रोनिड्सले अक्टोबर २०२५ मा तय भएको भारत-ईयू मुक्त व्यापार सम्झौता वार्ताको १४ औं चरणले भारत र साइप्रस बीचको सम्बन्धलाई अझ बलियो बनाउने अपेक्षा गरिएको बताउनुभयो। उहाँले डिजिटल प्रविधिमा भारतको विश्वव्यापी नेतृत्व र साइप्रसको अनुसन्धान विशेषज्ञता र व्यावसायिक सेवाहरू सँगै, नवप्रवर्तन र प्रतिस्पर्धात्मकतालाई बढावा दिन उपयोगी हुन सक्छन् भनि बताउनुभयो। डा. कलन्त्रीले साइप्रस भारतको अन्य युरोपेली देशहरूको प्रवेशद्वार भएको र फिनटेक र नवप्रवर्तनमा बढ्दो सहयोगले दुवै देशलाई फाइदा पुग्ने र भविष्यमा पारस्परिक व्यापार एक अर्ब डलरको आँकडा पार गर्ने सम्भावना रहेको बताउनुभयो।

**डी.जी.सी.ए.- चारधान**

नागरिक उड्डयन महानिर्देशनालयले मनसुन ऋतु पछि चारधाम तीर्थयात्रामा हेलिकप्टर सेवा पुनः सुरु गर्न स्वीकृति दिएको छ। नागरिक उड्डयन मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ कि सुरक्षित चारधाम तीर्थयात्रा सुनिश्चित गर्न सबै पक्षहरूको गहन छानबिन र समीक्षा र रणनीतिक पहलहरूको कार्यान्वयन पछि स्वीकृति दिइएको हो। नागरिक उड्डयन मन्त्री राम मोहन नायडूले उत्तराखण्डका मुख्यमन्त्री पुष्कर सिंह धामीसँग महानिर्देशनालय, भारतीय विमानस्थल प्राधिकरण र राज्य सरकार बीच समन्वय सुनिश्चित गर्न धेरै समीक्षा बैठकहरू गर्नुभयो।नागरिक उड्डयन महानिर्देशनालयले सबै हेलिप्याड, हेलिकप्टर, अपरेटर तयारी र अन्य सुविधाहरूको व्यापक निरीक्षण पछि हेलिकप्टर सेवा पुनः सुरु गर्न स्वीकृति दिएको छ। सुरक्षा सुनिश्चित गर्न महानिर्देशनालयले चारधाम हेलिकप्टर सेवाहरूको निरन्तर निगरानी गर्नेछ।

**भारत- ब्लू पोर्ट**

भारतले संयुक्त राज्य अमेरिकाको खाद्य तथा कृषि संगठनको सहयोगमा विश्वस्तरीय सुविधाजनक बन्दरगाहहरू निर्माण गर्नेछ।मत्स्यपालन, पशुपालन तथा दुग्ध विकास मन्त्रालय अन्तर्गतको मत्स्यपालन विभागले संयुक्त राज्य अमेरिकाको खाद्य तथा कृषि संगठनसँग प्राविधिक सहयोग सम्झौतामा हस्ताक्षर गरेको छ। सम्झौता अन्तर्गत, देशका तीन प्रमुख बन्दरगाहहरू: दीवको वनकबारा, पुडुचेरीको कराइकल र गुजरातको जखौ बन्दरगाहमा ३७९ करोड ८० लाखको लगानी गरिनेछ।
मत्स्यपालन विभागका सचिव डा. अभिलक्ष लिखीले राष्ट्रिय खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न वातावरणमैत्री, लागत-प्रभावी र सामाजिक रूपमा समावेशी मत्स्यपालन प्रणाली विकास गर्ने सरकारको लक्ष्यमा जोड दिनुभयो। उहाँले मत्स्यपालन बन्दरगाहहरूको दक्षता र कुशल प्रदर्शन बढाउन डिजिटल प्लेटफर्महरू र 5जी, कृत्रिम बुद्धिमत्ता र स्वचालन जस्ता उन्नत प्रविधिहरूको भूमिकामाथि प्रकाश पार्नुभयो।

**क्रिकेट एशिया कप**

श्रीलंका अफगानिस्तानलाई छ विकेटले पराजित गर्दै एसिया कप टी-२० क्रिकेट प्रतियोगिताको सुपर ४ चरणमा प्रवेश गरेको छ। हिजो अबुधाबीमा अफगानिस्तानले दिएको १७० रनको लक्ष्यको जवाफमा श्रीलंकाले आठ बल बाँकी रहँदा छ विकेटले जित हासिल गरेको छ। अफगानिस्तानले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १६९ रन बनाएको छ।
श्रीलंकाका लागि कुसल मेन्डिसले ५२ बलमा अविजित ७४ रन बनाए भने नुवान तुषाराले चार विकेट लिए। अफगानिस्तानका लागि मोहम्मद नाबीले २२ बलमा ६० रन बनाए। कुसल मेन्डिसलाई प्लेयर अफ द म्याच घोषित गरियो।

यो जितसँगै श्रीलंकाले समूह बी मा शीर्ष स्थान सुरक्षित गऱ्यो। बंगलादेशले पनि तीनमध्ये दुई खेल जितेर अर्को चरणमा स्थान सुरक्षित गऱ्यो। आज, भारतले अबुधाबीको शेख जायद स्टेडियममा समूह ए को आफ्नो अन्तिम म्याचमा ओमानसँग खेल्नेछ। खेल साँझ ८ बजे सुरु हुनेछ।